मधेश प्रदेश सरकार
उद्योग,वाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग

# घरेलु तथा साना उद्योग कार्यालय

## कलैया, बारा

फोन नं. ०५३-५५०१४५
मो.नं. ९८५५०४९१४२

पत्र संख्या:२०८२।०८३
च.नं.:उ. प्र. ३६५

मिति २०८२/०५/१७

विषयः- राजस्व दाखिला सम्बन्धमा ।

बारा जिल्ला स्थित ईटा उद्योगहरु सबै ।
बारा जिल्ला स्थित कंक्रिट तथा ब्लक उद्योग सबै ।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, जनकपुरधाम, धनुषाको च.नं. १०१, मिति २०८२/०४/२८ गतेको पत्रानुसार मधेश प्रदेशको आर्थिक ऐन, २०८२ को दफा १० मा वातावरण तथा औधोगीकरण व्यवस्थापन दस्तुरको व्यवस्था अनुसार प्रदेश भित्रका ईट्टा उद्योगहरु र कंक्रिट ब्लक उत्पादन गर्ने उद्योगहरुले प्रति हजार रु. १००/- का दरले वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाई असुल गरिने व्यवस्था भएकोले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय तथा अर्थ मन्त्रालय, मधेश प्रदेशको पत्र थान-२ यसैसाथ संलग्न राखी सोही अनुसारको राजस्व अनिवार्य दाखिला गर्न हुन अनुरोध छ ।

**बोधार्थः**
श्री जिल्ला ईट्टा उद्योग व्यवसायी संघ,
कलैया, बाराः-जानकारीको लागि साथै आवश्यक समन्वय तथा सहजीकरणको लागि अनुरोध छ ।

२०८२।०५।१७
अलिसरन अंसारी
सहायक शाखा अधिकृत

मधेश प्रदेश सरकार

# उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

जनकपुरधाम, नेपाल

Email: info.moict@madhesh.gov.np

पत्र संख्याः-२०८२/८३
चलानी नम्बरः ९०१

मितिः २०८२।०४।२८

विषयः राजस्व दाखिला गर्ने सम्बन्धमा।

श्री उद्योग विभाग, वीरगंज, पर्सा।
श्री घरेलु तथा साना कार्यालयहरुः सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट,वारा र पर्सा ।

उपरोक्त सम्बन्धमा श्री अर्थ मन्त्रालयको पत्र संख्या २०८२।०८३ चलान नं.५३ मिति २०८२।०४।२७ गतेको पत्रबाट यस प्रदेशभित्र स्थापना भइ संचालनमा रहेका ईट्टा उद्योगहरु र कंक्रिट ब्लक उत्पादन गर्ने उद्योगहरुले प्रति हजार उत्पादनमा रु.१०० (अक्षरेपी रु एक सय मात्र) को दरले वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाई असूल उपर गर्ने, गराउने व्यहोरा सम्वन्धिको पत्र यसै साथ संलग्न छ । साथै सोही पत्रबाट थप ब्यहोरा अवगत गर्नु भई सोही बमोजिम कार्यान्वयन गर्नु, गराउनु हुन आदेशानुसार अनुरोध छ ।

संलग्नः

श्री अर्थ मन्त्रालयबाट प्राप्त पत्रको पाना थान-१

(नविन कुमार सिंह)
शाखा अधिकृत

मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५९८, ५२३०२८
इमेलः info.moeap@p2.gov.np
वेब साईटः www.mof.madhesh.gov.np

मिति २०८२/०४/२७

प.सं.२०८२/८३

च.न. ४२

मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
जनकपुरधाम, नेपाल
दर्ता नं. २२५
दर्ता मिति २०८२/०४/२६

श्री उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय,
जनकपुरधाम धनुषा, मधेश प्रदेश।

विषयः राजस्व दाखिला गर्ने सम्वन्धमा

प्रस्तुत विषयमा आर्थिक ऐन २०८२ को दफा १० मा वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुरको व्यवस्था गरिएको छ। जसमा प्रदेशभित्रका ईट्टा उद्योगहरु र कंक्रिट ब्लक उत्पादन गर्ने उद्योगहरुले प्रति हजार उत्पादनमा रु १०० का दरले वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाई असुल गरिने उल्लेख छ। उक्त शुल्क ईट्टा/कंक्रिट उद्योग रहेका सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालयमा त्रैमासिक रुपमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। तसर्थ तहाँ मन्त्रालयले घरेलु तथा साना उद्योग कार्यालयहरुमार्फत सो व्यवस्था कार्यान्वयन गर्ने गराउने आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

(हस्ताक्षर) ४/२६
चाँदनी दलामी
शाखा अधिकृत

उद्योग
सम्बन्धित ... 
४/२६